नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ २५ गते १९४ स्थानमा अनुगमन भएको छ। क्वारेन्टिनहरुको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि ज्येष्ठ २५ गते १३१ क्वारेन्टिन स्थलका ६५४ बेडको अनुगमन गरिएको छ। निषेधाज्ञा कार्यान्वयनको सन्दर्भमा हालसम्म १,३६,६६१ सवारी साधन र २२,५३७ व्यक्तिलाई नियमानुसार कारवाही गरिएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने ३,१८० सवारीसाधनलाई कारवाही भएको छ। ज्येष्ठ २५ गते देशभरका विभिन्न सीमा नाकाहरुबाट २,६७१ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि १,२८,१०,५३४ थान मेडिकल उपकरणहरु, २८,१२८ एम.टी.क्यू. अक्सिजन, १,१५० भायल्स रेम्डीसिभिर र कोभिड-१९ टेस्ट किट लगायतका औषधीहरु पैठारी भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले ३७ आन्तरिक उडान भरी जम्मा २१० यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १८ रहेको छ। भारत , कतार र टर्कीका सीमित नियमित अन्तर्राष्ट्रिय उडानबाट नेपाल आएका १६९ यात्रुहरु पर्यटन विभागले सूचीकृत गरेका होटेल क्वारेन्टिनमा रहेका छन्। नेपाल पर्यटन बोर्डले उक्त होटेल क्वारेन्टिनको दैनिक अनुगमन गर्ने गरेको जनाइएको छ।

२०७८/०२/२६

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np